# एघार नोभेम्बरका कथाहरूमा सामाजिक पर्यावरण

राजेश विद्रोही

उपप्राध्यापक

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: rajeshbidrohi@gmail.com

DOI: https://doi.org/10.3126/dristikon.v10i1.34586

**लेखसार**

यो अध्ययन *एघार नोभेम्बर* कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा प्रस्तुत सामाजिक पर्यावरणको विश्लेषणमा केन्द्रित छ । यस अध्ययनमा *एघार नोभेम्बर*का कथाहरू र समाजको सम्बन्धलाई केलाइएको छ । यस सङ्ग्रहमा सङ्कलितअधिकांश कथाहरूले‘लाहुरे-जीवन’ को अँध्यारो पाटोलाई देखाएका छन् । विपन्नताका कारण विदेशी सेनामा भर्ती हुन बाध्य नेपाली नागरिकहरूको सामाजिक पर्यावरण र तिनका पीडालाई उजागर गर्ने यी कथाहरूले तिनका सङ्घर्ष र विवशतालाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरेका छन् । कतिपय कथामा सहरिया सामाजिक पर्यावरणको चित्रण गरिएको छ । विपन्न समुदायका बालबालिकाहरूको दयनीय र कारुणिक जीवनको चित्रण, नेपाली समाजमा व्याप्त शासकीय अव्यवस्था र जातीय पहिचानप्रतिको श्रद्धाभावलाई प्रस्तुत गर्न कथाकारले नेपाली ग्राम्य र सहरी क्षेत्रको सामाजिक पर्यावरणलाई माध्यम बनाएका छन् । नेपाली समाजमा स्थापित लाहुरे-संस्कृति र यसले सामाजिक जीवनमा पारेको नकारात्मक प्रभावलाई सङ्ग्रहका कथाहरूले उद्घाटन गरेका छन् । सामग्री सङ्कलनका क्रममा *एघार नोभेम्बर* कथा सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा र कथाहरूबारे गरिएका समीक्षा-समालोचना र शोध प्रतिवेदनलाई द्वितीय स्रोतका रूपमा लिएर एच.ए. टेनको ‘जाति, पर्यावरण र युग’ सम्बन्धी सिद्धान्तका आधारमा गुणात्मक विधिबाट विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : समाजशास्त्र, संस्कृति, सीमान्तीकृत, लाहुरे, पहिचान

## विषय परिचय

काङमाङ नरेश राई नेपाली साहित्यमा परिचित नाम हो । ‘युद्ध साहित्य’ मार्फत् आफ्नो पहिचान स्थापित गरेका राईले पहिचानवादी नेपाली साहित्यको उन्नयनमा पनि योगदान दिएका छन् । लेखनको माध्यमबाट पहिचानको मुद्दालाई विशेष महत्त्व दिने साहित्यकारलाई हरेक वर्ष पुरस्कार प्रदान गर्ने गरी उनले ‘पहिचान पुरस्कार कोष’ नै स्थापना गरेका छन् । सन् २०१५ मा स्थापना गरिएको यो कोषले पहिचान गुमाएको समुदायका पक्षमा स्वर उराल्ने कृतिलाई हरेक वर्ष पुरस्कार प्रदान गर्ने गरेको छ । यस कोषको स्थापना गरेबाट पनि उनको पक्षधरता स्पष्ट हुन्छ । कोष स्थापना गरेर उनले पहिचानको पक्षमा शोध-अनुसन्धान र लेखनलाई प्रोत्साहन गरिरहेका छन् । सीमान्तीकृत समुदायका भाषा-संस्कृतिको जगेर्ना तथा तिनको विकास र प्रवर्द्धन हुनुपर्ने राईको मान्यता छ ।

*युद्ध बोकेको सिताङ* (२०६८) उपन्यासको लेखनबाट उनले आख्यान लेखनमा प्रवेश गरेका हुन् । त्यसपछि २०७१ मा उनको अर्को कृति *खुकुरीको धारमा* प्रकाशित भएको छ । यो कृतिमा दोस्रो विश्वयुद्धदेखि अफगान युद्धसम्म वीरतापूर्वक लडेका र गोर्खा पल्टनमा काम गरेका २४ जना गोर्खा-सिपाहीहरूको वीरता र पराक्रमको कथा समेटिएको छ । यही कृति अङ्ग्रेजीमा अनुवाद भएर *फियरलेस वरियर* (सन् २०१५) को रूपमा बजारमा आएको छ । राई शोषित-उत्पीडित समुदायका पीडा र तिनका बाध्यताहरूलाई प्रस्तुत गर्ने स्रस्टा हुन् । उनका

अधिकांश पात्रहरू विपन्न तथा दमित-उत्पीडित समुदायका छन् । 'आर्थिक हैसियतले समृद्ध देखिने लाहुरे समुदायभित्रका पीडा, असन्तुष्टि र अन्यायका पाटालाई राईले आफ्नो लेखनीमा समेटेका छन्' (सुशान्त, अनु. २) ।कवितामा पनि उनी उत्तिकै सक्रिय छन् । कथा होस् वा उपन्यास अथवा कविता नै किन नहोस्, उनका रचनामा युद्धले मानव जीवनमा पारेका आघात र समाजमा छाडेका खतहरूलाई मार्मिक ढङ्गले देखाइएको हुन्छ । उनले युद्धले जीवनमा छाड्ने घाउहरूलाई आफ्ना रचनामा जीवन्त रूपमा प्रस्तुत गर्ने अभिरुचि देखाएका छन् । 'काङमाङको सङ्ग्रह *एघार नोभेम्बर* विशेषतः जातीय पहिचान र जनजातिले बोल्ने शैली, रहनसहन, राज्यले गरेको उपेक्षा र गोराले दोस्रो दर्जाको व्यवहार गरेको दुःखलाई दर्साउँछ' (राई, अनु. १२) ।

*एघार नोभेम्बर* (२०७५) उनको सातौँ कृति हो भने यो उनको पहिलो कथा सङ्ग्रह हो । *एघार नोभेम्बर*का कथाहरूमा गोर्खा भर्ती र त्यसपछिका वास्तविक घटनाहरूको चित्रण गरिएको छ । यसमा नेपाली युवाका बाध्यता र तिनका सङ्घर्षपूर्ण जीवनलाई विषय बनाइएको छ । बेलायती साम्राज्यको विस्तारमा रगत र पसिना बगाएका गोर्खा सैनिकमाथि बेलायतले गरेको विभेदपूर्ण व्यवहार पनि यसमा विषय बनेर आएका छन् । युद्धले जीवनमा सिर्जना गर्ने अँध्यारा, कठिनाइ र संस्कृतिमा पार्ने प्रभाव उनका कथाहरूमा मुखर भएर आएका छन् । उनी युद्ध साहित्यका सर्जक मात्र होइनन्, अभियन्ता पनि हुन् । युद्ध साहित्यमार्फत् उनी युद्धले सिर्जना गर्ने जटिलतालाई उजागर गर्छन् र यसको विपक्षमा अभिमत जाहेर गर्छन् । उनी आफैँ पनि बेलायती गोर्खा सैनिकको जीवनबाट सेवा निवृत्त भएका व्यक्ति हुन् । त्यसैले उनका कथाहरूमा उपस्थित कतिपय प्रसङ्ग र दृश्यहरू उनी आफैँले भोगेका वा नजिकबाट अनुभव गरेका होलान् । उनको यो नयाँ कथा सङ्ग्रहमा सङ्कलित कथाहरूले पनि प्रकारान्तरले युद्धकै कथा भन्छन् । यी कथाहरूले युद्धले सिर्जना गर्ने अँध्यारो पक्षलाई सुन्दर ढङ्गले देखाएका छन् । यी कथाहरूमा नेपाली समाज र नेपाली समाजकै एउटा अभिन्न अङ्ग बनेको लाहुरे समुदायको जीवनशैली र भोगाइलाई चित्रण गरिएको छ । समय र परिस्थितिका अगाडि विवश र लाचार पात्रहरूमार्फत् नेपाली समाजको चित्र प्रस्तुत गर्नु यी कथाहरूको मुख्य वैशिष्ट्य हो । १७२ पृष्ठमा फैलिएको यस कृतिमा *तक्मा, कान्ते अर्थात् क्रान्तिसिं, एक सेकेन्ड, ढङ्लङ बोजू, डिभोर्स, एघार नोभेम्बर* र *लुङ्टारिबुङ* गरी जम्मा सातवटा कथाहरू छन् । यीमध्ये सबैभन्दा छोटो कथा *एक सेकेन्ड* १९ पृष्ठमा विस्तारित छ भने सबैभन्दा लामो कथा *ढङ्लङ बोजू* २७ पृष्ठमा फैलिएको छ ।

**समस्या कथन**

उनका अधिकांश कथामा पात्रका रूपमा लाहुरे (गोर्खा सैनिक) र तिनको परिवारका सदस्यहरू उपस्थित भएका छन् । लाहुरे समुदाय र तिनको संवेदना नै उनका कथाको केन्द्रीय विषय हो । यसबाहेक देशमा विद्यमान् आर्थिक, सांस्कृतिक, राजनीतिक आदि पर्यावरणको चित्रण पनि कथामा गरिएका छन् । त्यसैले लाहुरे समुदाय र देशका विभिन्न पर्यावरणको खोजीलाई मूल समस्या मान्दै यस अध्ययनका समस्याहरूलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) एघार नोभेम्बरका कथाहरूमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(ख) एघार नोभेम्बरका कथाहरूमा पात्रहरूको प्रयोग कसरी गरिएको छ ?

**शोधको उद्देश्य**

समस्या कथनमा उठाइएका प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो, जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) एघार नोभेम्बरका कथाहरूमा प्रस्तुत परिवेशको खोजी गर्नु,

(ख) एघार नोभेम्बरका कथाहरूमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु ।

**सीमाङ्कन**

प्रस्तुत अध्ययन काङमाङ नरेश राईको कथा सङ्ग्रह *एघार नोभेम्बर*का कथाहरूमा अभिव्यक्त सामाजिक पर्यावरणको विश्लेषणमा केन्द्रित छ । *एघार नोभेम्बर*काकथाहरूका चित्रित सामाजिक पर्यावरणको मात्र खोजी गर्नु यस अध्ययनको सीमा हो । यहाँ यसै सङ्ग्रहका कथाहरूमा प्रतिबिम्बित नेपाली समाजको चित्रको खोजी गरिएको छ । नेपाली समाज विविधताले भरिपूर्ण छ तर यस अध्ययनमा नेपाली समाजमा विद्यमान् सबै विविधताको चर्चा नगरी प्रस्तुत कथा सङ्ग्रहका कथाहरूमा चित्रित सामाजिक पर्यावरणलाई हिप्पोलाइट एडल्फ टेनको 'जाति, पर्यावरण र क्षण' सम्बन्धी सिद्धान्तका आधारमा मात्र विश्लेषण गरिएको छ । यो नै यस अध्ययनको सीमा हो ।

**पूर्वकार्यको समीक्षा**

आधुनिक समयमा आख्यान निकै लोकप्रिय विधा हो । यस समयमा आख्यानसँग सम्बन्धित कृति धमाधम प्रकाशित भइरहेका छन् र यी कृतिहरूले पाठक पनि पाइरहेका छन् । आख्यानबारे  अध्ययन पनि प्रशस्तै भइरहेका छन् । नेपाली अध्येताहरूले पनि नेपाली कथाका विविध पक्षमा अध्ययन-अनुसन्धान गरेका छन् । युवाकथाकार काङमाङ नरेशराईका कथाहरूबारे पनि समीक्षात्मक टिप्पणीहरू प्रशस्त लेखिएका छन् । समालोचकहरूले उनका कथाहरूको विश्लेषण विभिन्न कोणबाट गरेका छन् । धेरै समालोचकहरूले अहिले पनि उनका कथाबारे नवीन दृष्टिकोणबाट समीक्षण र विश्लेषण गरिरहेका छन् । उनका सिर्जनाका विविध आयाम र प्रवृत्तिमा केन्द्रित भएर समालोचक तथा शोधार्थीहरूले चर्चा-परिचर्चा गरिरहेका छन् । तीमध्ये कथाकार राईका कथाका विषय र शैलीबारे गरिएका मुख्य परिचर्चाहरूको समीक्षा यहाँ गरिएको छ ।

**गोर्खा-सिपाहीहरूको जीवनको अँध्यारो पाटोको अभिव्यक्ति**

सङ्ग्रहका अधिकांश कथाहरूमा गोर्खा-सिपाहीको जीवनको अँध्यारो पाटोलाई देखाइएको छ । मुनराज शेर्माले 'वीर गोर्खालीहरूको नलेखिएको युद्धको गाथाहरू' शीर्षकमा *एघार नोभेम्बर* कथा सङ्ग्रहबारे लामो समीक्षात्मक टिप्पणी लेखेका छन् । सो टिप्पणीमा उनले सङ्ग्रहमा सङ्कलित हरेक कथाबारे छुट्टाछुट्टै विश्लेषण गरेका छन् । पहिलो र दोस्रो विश्वयुद्धदेखि अहिलेसम्म नेपालका आदिवासीहरूले लडेको युद्धको अँध्यारो पक्षलाई युद्ध साहित्यले उत्खनन् गर्ने उल्लेख गर्दै शेर्माले *एघार नोभेम्बर* तिनै गाथाहरूको दस्तावेज भएको चर्चा गरेका छन् । शेर्माले लेखेका छन्, "यति भित्री तहसम्म मान्छेको मनोग्रन्थिलाई एकोहोऱ्याएर घटना बुन्न सक्नु स्वयम् लेखकीय शक्ति र सामर्थ्य हो । यो सङ्ग्रहको सबैभन्दा बलवान् कथा तक्मा हो, जुन कथाले विश्वका सारा लडाकुहरूको जीवनवृत्तलाई गहिरिएर उठान गरेको छ" (शेर्मा, ?, अनु. ८) ।

यस्तै, गुरुङ सुशान्तले पनि यस कृतिको समीक्षा लेखेका छन् । 'घुमीफिरी युद्धमै' शीर्षकको समीक्षामा सुशान्तले युद्धले लडाकु मात्रै नभएर उसको परिवारलाई पनि सधैँ अन्योलमा राख्छ भन्ने निष्कर्ष कथा सङ्ग्रहको भएको उल्लेख गरेका छन् । 'उनले लेखेका छन्, "आर्थिक हैसियतले समृद्ध देखिने लाहुरे समुदायभित्रका पीडा, असन्तुष्टि र अन्यायका पाटालाई राईले आफ्नो लेखनीमा समेटेका छन्"(सुशान्त, २०७६, अनु. २) । गोर्खा-सिपाही र तिनको परिवार आर्थिक रूपमा सम्पन्न देखिन्छ । बाहिरबाट उनीहरूको जिन्दगी सुखी र ईर्ष्यालाग्दो देखिन्छ तर चम्किलो आवरणभित्र रहेको गोर्खा समुदायका सदस्यहरूले व्यहोर्नुपर्ने पीडा र कष्ट सधैँ ओझेलमै रहन्छन् । कथाकार राईले ओझेलमा परेका तिनै दुःख र पीडालाई बाहिर ल्याएको सुशान्तको बुझाइ छ । युद्धबाट घर

नफर्किएका योद्धामा समर्पित यस सङ्ग्रहमा कथाकार राईले यथार्थलाई आख्यानीकरण गरेकोसुशान्तको टिप्पणी छ । *एघार नोभेम्बर*का कथाबारे किरण राईले पनि समीक्षा लेखेका छन् । कथा सङ्ग्रहमा वीरगति पाएका, वृद्धावस्थामा पुनः बेलायत गएर दुःख पाएका र पहिलो विश्वयुद्ध लड्ने गोर्खालीहरूका दर्दनाक कथा सङ्गृहीत भएको उनले जनाएका छन् (राई, २०७६) । यस सङ्ग्रहमा वीरगति पाएका, वृद्धावस्थामा पुनः बेलायत गएर दुःख पाएका र पहिलो विश्वयुद्ध लड्ने गोर्खालीहरूको दर्दनाक कथा सङ्गृहीत भएको उनले लेखेका छन् ।

**युद्धका अनुभूतिहरूको प्रस्तुति**

कथाकार काङमाङ नरेश राई युद्ध साहित्यका अभियन्ता हुन् । उनी आफैँ बेलायती सेनाबाट सेवा निवृत्त योद्धा पनि हुन् । त्यसैले उनका कथाहरूमा युद्धका भोगाइहरूको जीवन्त प्रस्तुति पाइने अध्येताहरूले उल्लेख गरेका छन् । लेखक स्वयम् पनि एक योद्धा भएकाले कथाले वास्तविकता बोलेको किरण राईको बुझाइ छ। उनले लेखेका छन्, "उनी भाग्यले बाँचे र मरेकाहरूको हुबहु कथा लेखेका छन्" (राई, २०७६, अनु. ५) । यस सङ्ग्रहमा वीरगति पाएका, वृद्धावस्थामा पुनः बेलायत गएर दुःख पाएका र पहिलो विश्वयुद्ध लड्ने गोर्खालीहरूको दर्दनाक कथा सङ्गृहीत भएको उनले लेखेका छन् । उनका कथाहरू युद्धकै सेरोफेरोमा लेखिएको प्रकाश दिप्सालीले पनि लेखेका छन् । दिप्सालीले *एघार नोभेम्बर*बारे एउटा सङ्क्षिप्त समीक्षा लेखेका छन् । उनले यस सङ्ग्रहका कथाहरू हाम्रै वरपरका विषय टिपेर लेखिएको उल्लेख गरेका छन् । उनले यसरी टिप्पणी गरेका छन्, "यहाँभित्रका कथाहरू युद्ध साहित्यसँगको सेरोफेरोमा नै घुमेको छ । यसभित्रको कथाहरू नेपाली समाज र गोर्खा सैनिक (लाहुरे) को जीवन भोगाइहरू हुन् । यहाँका कथाहरूले युद्धभित्रका सौन्दर्यलाई पस्कने जमर्को गरेको छ" (दिप्साली, २०७६, अनु. २) । यी कथाहरूले मान्छेले नियतिको नियन्त्रणमा बस्नुपर्ने तीतो यथार्थलाई बडो कलात्मक ढङ्गले प्रस्तुत गरेको उनको मत छ ।

यस्तै, 'घुमीफिरी युद्धमै' शीर्षकको समीक्षामा सुशान्तले जुनसुकै तर्क र दर्शनमा उब्जिए पनि युद्धको परिणाम दीर्घकालीन घाउ र विद्वेष नै रहेको निष्कर्ष यो कथा सङ्ग्रहको भएको उल्लेख गरेका छन् । उनले लेखेका छन् :

> झन्डै दुई करोडले ज्यान गुमाएको पहिलो विश्वयुद्धमा सबैभन्दा धेरै नरसंहार बेल्जियमको फेन्डर्सफिल्डमा भएको थियो । भनिन्छ, त्यहाँ एक लाखभन्दा धेरै मानिसले जीवन गुमाए । २८ जुलाई १९१४ मा सुरु भएको युद्ध ११ नोभेम्बर १९१८ मात्रै थामियो । त्यसबेलाका रक्तकुण्ड र रक्तनदीबारे कल्पना गर्नसमेत कठिन हुन्छ । उक्त ठाउँमा बगेको रगतमा कालान्तरमा पप्पी फूल उम्रिएको मिथक पनि जन्मियो । युद्ध रोकिएको तिथि पारेर प्रत्येक नोभेम्बर ११ मा ११ बजेर ११ मिनेट ११ सेकेन्डमा त्यहाँ दुई मिनेट मौनधारण गरी 'पप्पी डे' मनाइन्छ । यही मिथकीय मितिको आधारमा काङमाङ नरेश राईले आफ्नो पछिल्लो पुस्तकको नामकरण गरेका छन्( एघार नोभेम्बर । आधा दर्जन पुस्तक लेखिसकेका राईले नयाँ किताबमा पनि युद्ध नै रोजेका छन् । (सुशान्त, २०७६, अनु. १)

गोर्खा भर्ती र यसले निम्त्याएका समस्याहरू नै राईका कथाहरूको विषय भएको सुशान्तले उल्लेख गरेका छन् ।

**जातीय पहिचानको प्रस्तुति**

प्रगति राईले पनि *एघार नोभेम्बर* कथा सङ्ग्रहभित्र सङ्गृहीत कथाहरूबारे चर्चा गरेकी छन् । उनले यी कथाहरू लाहुरे-जीवनमा केन्द्रित भएको उल्लेख गरेकी छन् । उनले *एघार नोभेम्बर*का कथाहरूले विशेषतः जातीय

पहिचान र जनजातिले बोल्ने शैली, रहनसहन, राज्यले गरेको उपेक्षा र गोराले दोस्रो दर्जाको व्यवहार गरेको दु:खलाई दर्शाउने लेखेकी छन् । उनले लेखेकी छन् :

> ....काडमाडका सङ्ग्रह 'एघार नोभेम्बर' विशेषतः जातीय पहिचान र जनजातिले बोल्ने शैली, रहनसहन, राज्यले गरेको उपेक्षा र गोराले दोस्रो दर्जाको व्यवहार गरेको दु:खलाई दर्साउँछ। कथाले भन्छ– २०२० सालमा प्रथम श्रेणीमा एसएलसी पास गरेको हितकुमार राईले मालपोतमा जागिरका लागि दरखास्त गर्दा उनलाई अन्तर्वार्तामा फालेर तेस्रो श्रेणीमा पास भएका पुण्डरिक अधिकारीलाई पास गराइयो । किनभने त्यो जमानामा राई सरकारी अफिसमा देख्न अनौठो मानिन्थ्यो। हितकुमार बाध्यतावश लाहुरे हुनुपऱ्यो। लाहुरबाट फर्केपछि पनि उनले बेलायत बस्ने सबै लाहुरेहरूलाई नेपाल फर्कन आह्वान गरे तर आफैँ राज्यद्वारा उपेक्षित भएर बुढेसकाल रिक्सा चलाएर गुजारा गर्नुपरेको अवस्था देखाउँछ। (राई, २०७६, अनु. १२)

यसरी विभिन्न अध्येता र समालोचकहरूले कथाकार राईको कथा सङ्ग्रह *एघार नोभेम्बर*का कथाहरूबारे विभिन्न कोणबाट चर्चा गरेका छन् । अधिकांशले प्रभावपरक विधिबाट सङ्ग्रहको समीक्षा गरेका छन् । ती कथामा निहित सामाजिक पर्यावरणमै केन्द्रित भएर भने कसैले अध्ययन गरेको देखिँदैन । अर्थात् सामाजिक सन्दर्भमा *एघार नोभेम्बर*का कथाहरूको अध्ययन भएको देखिँदैन । त्यसैले यहाँ *एघार नोभेम्बर*का कथाहरूको अध्ययन सामाजिक सन्दर्भमा गरिएको छ । अतः सङ्ग्रहका कथाहरूमा के कस्ता सामाजिक मूल्य-मान्यताहरू प्रस्तुत भएका छन् भन्ने विषयमा कुनै ठोस अध्ययन भएको देखिँदैन । त्यसैले समाजशास्त्रीय सैद्धान्तिक मूल्यका आधारमा कृतिको अध्ययन गरी नेपाली समाजका के कस्ता सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि पक्षहरू कृतिमा कसरी र कुन रूपमा प्रस्तुत भएका छन् भन्ने विषयमा अध्ययन गर्नु आवश्यक भएको छ ।

## अध्ययन विधि

### सामग्री सङ्कलन विधि

उल्लिखित उद्देश्यहरूको प्राप्तिका लागि यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा कथाकार राईका कथाहरूको सङ्कलन *एघार नोभेम्बर*लाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा सम्बन्धित विषयमा लेखिएका विभिन्न ग्रन्थ, अनुसन्धानमूलक लेखहरूको सङ्कलन, लेख, अनुसन्धान प्रतिवेदन आदिलाई लिइएको छ ।

### सामग्री विश्लेषण विधि

यसरी विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोगबाट निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा यी विभिन्न स्रोतबाट सङ्कलित सामग्रीलाई टेनको 'जाति, पर्यावरण र क्षण' सम्बन्धी सिद्धान्तको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । कुनै पनि साहित्यिक रचना वा कृतिलाई सामाजिक सन्दर्भबाट हेर्ने प्रयत्न नै कृति वा रचनाको समाजशास्त्रीय अध्ययन हो । हरेक साहित्यिक कृतिको कुनै न कुनै सामाजिक पृष्ठभूमि अवश्य हुन्छ । रचनाकार कुनै न कुनै समाजको सदस्य हुने भएकाले रचनामा सामाजिक प्रभाव पर्नु स्वाभाविक हुन्छ । नेपाली कथामा पनि युगीन समाजका मूल्य-मान्यता, रीतिरिवाज, संस्कृति, राजनीति आदिको प्रभाव परेको देखिन्छ । आफ्नो समाज, संस्कृति, रहनसहन र समकालीन राजनीति वा सामाजिक मूल्य-मान्यताबाट मुक्त भएर कुनै पनि रचनाकारले कृति रचना गर्न सक्दैन किनभने रचनाकार पनि

समाजकै अभिन्न अङ्ग हो । यसै मान्यताका आधारमा कृति र समाजको सम्बन्ध पर्गेल्नु नै कृतिको समाजशास्त्रीय अध्ययनको उद्देश्य हो ।

साहित्य र समाज दुवै एक-अर्काबाट प्रभावित हुने गरेका छन् । सामाजिक जीवनका विभिन्न पक्षहरू (धर्म, संस्कृति, राजनीति आदि) को प्रभाव साहित्यमा परेको हुन्छ भने साहित्यबाट पनि समाज प्रभावित भएको हुन्छ अर्थात् सामाजिक परिवर्तनमा पनि साहित्यको भूमिका देखिने गरेको छ । साहित्य समाजकै उपज हो । साहित्यकारले समाजमै बसेर साहित्यको सिर्जना गर्छ । साहित्यकारले सामाजिक अन्तर्क्रियाबाट जे सिक्छ, जे अनुभव गर्छ, उसले आफ्ना रचनामा त्यसैलाई अभिव्यक्त गर्छ । साहित्यको समाजशास्त्र एउटा व्यापक विषय हो । समस्त मानव-समाज तथा सामाजिक सन्दर्भमा यस प्रकारको अध्ययनलाई एउटा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । यसले मानव-जीवन र समाज-जीवनका विविध पाटा, तथ्य, सन्दर्भ र आयामहरूलाई आफ्नो अध्ययनको विषय बनाउँछ । यसबाट मनुष्य तथा समाजका विविध विषय र त्यससँग जोडिएका संवेदनाहरू उद्घाटन हुन्छन् । देश, काल तथा युगीन परिवेशअनुसार मानवीय संवेदनामा परिवर्तन आइरहन्छन् । मानवीय संवेदनामा हुने यो परिवर्तन साहित्यका माध्यमबाट अभिव्यक्त हुन्छन् ।

यो समालोचना पद्धतिको विकासमा उन्नाईसौँ शताब्दीका फ्रान्सेली समालोचक हिप्पोलाइट एडल्फ टेनको योगदान महत्त्वपूर्ण मानिन्छ । उनले 'जाति, पर्यावरण र क्षण' सम्बन्धी प्रसिद्ध सिद्धान्तको प्रतिपादन गर्दै समालोचनामा सामाजिक दृष्टिकोणलाई फराकिलो बनाएको शर्मा र लुइटेल (२०७२, पृ. १२७) ले उल्लेख गरेका छन् । टेनले हरेक स्रस्टा आफ्नो जाति, आफू बाँचेको परिवेश र युगबाट प्रभावित हुने भएकाले यसको कुनै न कुनै प्रभाव उसको रचनामा पर्ने उल्लेख गरेका छन् । "जाति र समाजका प्रवृत्तिका साथै युग वा समयविन्दुका प्रवृत्तिका आधारमा नै साहित्यको मूल्याङ्कन गर्नुपर्छ भन्ने उनी सम्झन्छन्" (त्रिपाठी, २०६५, पृ. २०५) । हरेक साहित्यकार आफ्नो जाति, आफू बाँचेको समय र पर्यावरणबाट अवश्यै प्रभावित हुन्छ र त्यो प्रभाव उसको रचनामा पर्छ ।

यस अध्ययनमा टेनको यही सिद्धान्तलाई प्रयोग गरिएको छ । साहित्यलाई समाजको दर्पण मान्ने मान्यता स्थापित छ । साहित्यमा समाजको यथार्थ चित्र प्रतिबिम्बित हुन्छ भन्ने विश्वासबाट नै यो मान्यता स्थापित भएको हो । साहित्यमा देखिने यही चित्रको खोजी साहित्यिक समाजशास्त्रअन्तर्गत गरिन्छ ।

## परिणाम तथा छलफल

हरेक कथाको आफ्नै पर्यावरण हुन्छ । कुनै घटना, परिस्थिति वा विषयप्रति आफ्नो विचार वा दृष्टिकोण प्रस्तुत गर्न कथाकारले कथाको रचना गर्छ । यसका लागि कथाकारले कथामा कुनै न कुनै देश, काल र वातावरणको चित्रण अवश्य गर्छ । कथाको विषयअनुसार कथामा सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिकजस्ता विविध पर्यावरणको चित्रण गरिएको हुन्छ र त्यस पर्यावरणको स्वाभाविक प्रस्तुतिका लागि कथाकारले उपयुक्त पात्रको छनोट गरेको हुन्छ । पात्र उपयुक्त नभएमा आफ्नो पर्यावरणलाई स्वाभाविक रूपमा प्रस्तुत गर्न कथा असफल हुन्छ । *एघार नोभेम्बर* कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको पनि आफ्नै पर्यावरण छ । यी कथाहरूमा अभिव्यक्त सामाजिक पर्यावरण र चित्रित पर्यावरणमा पात्रहरूको प्रयोगलाई यहाँ विश्लेषण गरिएको छ । *एघार नोभेम्बर* कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा चित्रित सामाजिक पर्यावरणको खोजी र यस्तो सामाजिक पर्यावरणको प्रस्तुतिमा प्रयुक्त पात्रहरूको विश्लेषण यस खण्डमा गरिएको छ :

**सैनिकका विधवाहरूको पीडादायी जीवनको प्रस्तुति**

कथाकार राई आफैँ पूर्वसैनिक भएका कारण सैनिक जीवन र सैनिक परिवारका सदस्यले भोग्नुपर्ने मानसिक आघातलाई उनले राम्ररी बुझेका छन् । उनका कथामा सैनिक-विधवाहरूको पीडादायी जीवनको जीवन्त प्रस्तुति पाइन्छ । आर्थिक रूपमा सम्पन्न र सुखी देखिने सैनिक परिवारका विधवाहरूले भोग्नुपर्ने चुडान्त पीडालाई कथाकार राईले मार्मिक शैलीमा प्रस्तुत गरेका छन् । गोर्खा समुदायमा यस्ता विधवाहरू प्रशस्त पाइन्छन् । युवा उमेरमै लडाइँमा ज्यान गुमाएका गोर्खा-सिपाहीका दुःखी विधवाहरू थुप्रै छन् । यस्ता महिलाहरूले भोग्नुपर्ने भावनात्मक एक्लोपन र यो एक्लोपनबाट सिर्जना हुने पीडाको गहिराइलाई कथाकारले आफ्ना कथाहरूमा प्रस्तुत गरेका  छन् । सैनिक-विधवाहरूको पीडालाई व्यक्त गर्ने दुईवटा कथाहरू यस सङ्ग्रहमा छन् : *ढङ्लङ बोजू* र *एघार नोभेम्बर* ।

*ढङ्लङ बोजू* कथाकी मुख्य पात्र ढङ्लङ गुरुङ हुन् । बेलायती गोर्खा सैनिक कुलमान गुरुङले पहिलो छुट्टीमा नेपाल आउँदा ढङ्लङसँग बिहे गरे तर कुलमानले अल्पायुमै जीवन गुमाउनु पर्‍यो । हङकङमा सीमा सुरक्षामा खटिएका बेला गैरकानुनी रूपमा हङकङको सीमाभित्र प्रवेश गरेको चिनियाँ नागरिकको छुरी प्रहारबाट उनले ज्यान गुमाउनु पर्‍यो । त्यसपछि लामो जीवन ढङ्लङले एक्लै बिताउनु पर्‍यो । 'लोग्नेको मृत्यु हुँदा ढङ्लङको साथमा थियो-तीन वर्षीय छोरो । थपमा थिए-एक टिल सुन, पन्ध्र तोला चाँदी र भर्भराउँदो जवानी' (राई, २०७५, पृ. ८६) । साहित्यकार बाँचेको युगका सामाजिक समस्या, सांस्कृतिक मान्यता र विश्वासलाई समग्र रूपमा पर्यावरण भनिने शर्मा र लुइटेल (२०७२, पृ. १२९) ले प्रस्ट्याएका छन् । कथामा माथिको प्रसङ्ग आउनुको कारण थाहा पाउन टेनको सिद्धान्तलाई बुझ्नु आवश्यक छ । प्रत्येक साहित्यकारले जन्मेदेखि नै आफ्ना वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गर्ने र यी प्रभावहरू पछि उसका साहित्यमा अभिव्यक्त हुने टेनले उल्लेख गरेका छन् ( उद्धृत, शर्मा र लुइटेल, २०७२, पृ. १२९) । प्रस्तुत कथामा पनि कथाकार राईले आफूले जानेको, भोगेको लाहुरे समुदायको सामाजिक पर्यावरणलाई चित्रण गरेका छन् ।

कथाकार राई आफैँ अवकास प्राप्त सैनिक हुन् । उनी हुर्किएको समाजको सामाजिक परिवेशमा पनि गोर्खा-सिपाहीहरूका सुख-दुःख र हर्ष-विस्मात् व्याप्त छ । उनले सैनिकका विधवाहरूको पीडादायी जीवनका कथा-व्यथा बाल्यकालदेखि नै सुनेका र देखेका छन् । त्यही सामाजिक पर्यावरणको प्रभाव उनको लेखनमा परेको छ । जीवितै छँदा पनि ढङ्लङले लामो समय लोग्नेसँग बस्न पाइनन् । लोग्नेको मृत्यु भएपछि त झन् उसले कहालीलाग्दो जीवन बाँच्नु पर्‍यो । ढङ्लङले लोग्नेको पेन्सन पनि पाइनन् । सुन र चाँदी बेच्दै छोरा ताइमोसानलाई पढाइन् । युवा वयमै विधवा भएर कहालीलाग्दो एक्लो जीवन बिताउन बाध्य सैनिक-पत्नीहरू नेपालमा थुप्रै छन् । नेपाली समाजको यो डरलाग्दो सत्य कथामा प्रस्तुत भएको छ । गोर्खा भर्ती नेपाली समाजमा संस्कृतिकै रूपमा स्थापित भयो । चम्किलो इज्जत बोकेको लाहुरे-संस्कृतिले नेपाली समाजको छातीमा छाडेका गहिरा घाउहरू भने सधैँ छायाँमै रहे । लुकेका तिनै पीडादायी घाउहरूलाई कथाकार राईले आफ्ना कथामा उनेका छन् ।

ढङ्लङ बोजू पनि युवा वयमै विधवा भइन् । उनको अन्तर्हृदयले नचाहे पनि छोरा ताइमोसान गोर्खा सैनिकमै भर्ती हुन्छ । उनको जीवनमा छोराबुहारीबाहेक कोही छैन । विवश भएर एक दिन छोरालाई पछ्याउँदै ढङ्लङ बोजू पनि बेलायत पुग्छिन् । जीवनका अन्तिम दिनहरू बेलायतमै बिताएकी ढङ्लङ बोजूले आफ्नो जीवनको अन्तिम सास पनि उतै फेर्छिन् । अपरिचित भूमिमा पुगेर ज्यान गुमाउनुपर्ने अवस्था गोर्खा-सैनिकका लागि स्वाभाविक हुने गर्छ र यो दुःख भोग्नुपर्ने अवस्था तिनका आफन्तहरूको जीवनमा पटक-पटक आउँछ । गोर्खा समुदायका सदस्यहरूले यस्तो परिस्थिति आफ्नो समुदायमा अनेकौँपटक देखेका छन् । कथाकार राईले यही

सामाजिक यथार्थलाई कथाको रूप दिएका छन् । लाहुरे-समाजको यो पीडा उनका कथामा प्रभावकारी रूपमा आएको छ ।

सैनिक-विधवाको मर्मान्त पीडा अभिव्यक्त गर्ने यस सङ्ग्रहको अर्को कथा हो - *एघार नोभेम्बर* । यो शीर्षकथा पनि हो । यसै कथाको शीर्षकबाट सङ्ग्रहको नामकरण गरिएको छ । सन् १९९९ को जुन २१ मा बम निष्क्रिय बनाउने क्रममा कोसोभोको वेस्ट अफ प्रिस्टिनामा वीरगति प्राप्त गरेका सार्जन्ट राईकी विधवा अनन्तालाई केन्द्रमा राखेर यो कथा बुनिएको छ । यो यथार्थ घटना हो । सत्य घटनालाई नै राईले आख्यानीकरण गरेका छन् । सार्जन्ट राईको निधन हुँदा अनन्ता २८ वर्षकी थिइन् । यो युवा वय नै हो । छोराछोरीका साथ उनले अब लामो जीवन पतिको अभावमै बिताउनुपर्ने अवस्था आएको छ । जीवनको यति लामो समय पतिको अभावमा एक्लै बिताउनुपर्ने र छोराछोरीको अभिभारा पनि बोक्नुपर्ने अवस्था नेपाली नारीहरूका लागि कल्पना गर्नसमेत कठिन हुने अवस्था हो तर अनन्ताले यो परिस्थितिको सामना गरिन् । यसले लाहुरे-समाजको एउटा पाटोलाई देखाएको छ ।

कथामा 'म' पात्रका रूपमा उपस्थित हितबहादुर पनि गर्भेटुहुरो हो । ऊ गर्भमै छँदा बर्माको लडाइँमा गएका उसका बाबु फर्किएर आएनन् । उनी जीवित छन् वा मरिसके भन्ने दोधारमा उनकी आमाले ७० वर्ष बिताइन् । हितबहादुर भन्छ, '७० वर्ष पर्खनुभयो आमाले । दिनहुँ बाटो र भञ्ज्याङ हेरिरहनुहुन्थ्यो । उही आशाको त्यान्द्रोले उही बाटो र भञ्ज्याङ हेर्दाहेर्दै घरको सिकुवामै पोहोर साल आमाको चोला उठ्यो' (राई, २०७५, पृ. १३७) । ८६ वर्षको उमेरमा उनले प्राण त्याग गरेको आधारमा के बुझ्न सकिन्छ भने पति बर्माको लडाइँमा जाँदा उनी १६ वर्षकी थिइन् । एउटा छोरालाई काखमा च्यापेर एउटी महिलाले पतिको सम्झनामा यति लामो समय बिताएको घटना कम हृदयविदारक छैन तर जतिसुकै पीडादायी र अकल्पनीय भए पनि यी कथा हाम्रै समाजका हुन् । 'लाहुरे' का पत्नीहरूले यो पीडा चुपचाप सहेकै हुन् र अहिले पनि सहिरहेकै छन् । लाहुरेका पत्नीहरूको जीवनको यो पाटो राईका कथाका माध्यमबाट प्रस्तुत भएको छ ।

**बेलायती सानका लागि गोर्खा सैनिकले दिएको योगदानको अभिव्यक्ति**

बेलायती सेनाको प्रतिष्ठा र सानको संरक्षणमा गोर्खा सैनिकले दिएको योगदानको विषयलाई प्रस्टसँग भन्ने कथा *तक्मा* हो । *तक्मा*मा ५७ डिग्रीसम्म तापक्रम पुग्ने अफगानिस्तानको तातो मरुभूमिमा अत्याधुनिक हतियारधारी तालिवानी लडाकुबाट घेरिएको बेलायती सेनालाई गोर्खा सैनिक आनन्दले ज्यानको बाजी थापेर बँचाएको कथा उल्लेख छ । मृत्युकै मुखमा पुगेर पनि उसले अत्यन्तै धैर्य र शाहस प्रदर्शन गरेको छ । तालिवानी लडाकुहरूको घेरामा परेको 'विमिक' (सैनिकले प्रयोग गर्ने एक प्रकारको सवारी साधन) लाई उसले नफर्काएको भए ऊ मात्र होइन, उसका साथीहरू पनि जीवित फर्किने थिएनन् किनभने हवाई सहयोग माग्न सञ्चारका लागि चाहिने 'रेडियो' विमिकमै छुटेको थियो । गोलीको निरन्तर वर्षाको बीचमा विमिक फर्काएर ल्याउने काम कम जटिल थिएन तर आनन्दले यो काम गर्छ । कसैले पत्याएको थिएन । त्यहाँ अर्का गोर्खाली सैनिक किरणले पनि ठूलो पराक्रम देखाएको थियो । आनन्दलाई विमिकसम्म पुग्ने वातावरण बनाउन उसले तालिवानपट्टि गोली चलाएको थियो । त्यसैले त गोरा अफिसरले आनन्द र किरणलाई बहादुरीको तक्मा दिलाउने आश्वासन दिएको थियो तर उनीहरूले तक्मा पाएनन् ।

जीवन र मृत्युका बीच थोरै मात्र दुरी भएको त्यो समय अत्यन्तै भयानक थियो । त्यस बेला आनन्दको मनमा विचारका अनेक तरेलीहरू आउँछन् । 'भर्ती लागेर गल्ती गरेछु आमा । मेरो मृत्युपछि क्षतिपूर्तिबापत् धेरै पैसा अवश्य पाउनुहुन्छ । त्यसको अंशियारी हुनेवाला बुहारीलाई पनि बनाउनुहोला' (राई, २०७५, पृ. २२) । यो, जीवनको अन्तिम क्षणमा आउने सोचाइ हो । अब आफ्नो जीवनको अन्त्य हुँदैछ भन्ने निश्चित भएपछि मनमा

यस्तो विचार आउँछ । कथाको पात्र आनन्द यस्तै क्षणबाट गुज्रिएको छ । यस्तो अवस्थाको वर्णन कथाकारले निकै प्रभावकारी ढङ्गले गरेका छन् । सार्जन्ट राईले पनि कोसोभोमा ज्यान गुमाए, जसको वर्णन *एघार नोभेम्बर* कथामा गरिएको छ । *डिभोर्स* कथाको पात्र डम्बरले पनि सैनिक तालिमकै क्रममा लागेको चोटका कारण देब्रे खुट्टामा जीवनभरि पीडा खपिरहनुपर्छ । दोस्रोपटकको शल्यक्रियामा कमजोरी हुँदा उसको खुट्टा बिग्रिन्छ ।

गोर्खा सैनिकहरूको यस्तै वीरता, पराक्रम र शौर्यका कारण बेलायती साम्राज्यको विस्तार र उसको राष्ट्रियताको संरक्षण सम्भव भएको हो । बेलायती सेनाको प्रतिष्ठा र गौरवलाई उँचो बनाउने पनि गोर्खा सैनिकहरू नै हुन् । गोर्खालीहरूकै कारण उसको सेनाको शक्ति बढेको हो । गोर्खा सैनिकहरूको यही पराक्रम र शौर्यका गाथा थाहा पाउन पनि यी कथाहरू पढ्नु आवश्यक छ । बेलायती राष्ट्रियता र प्रतिष्ठाको जगेर्नामा गोर्खाली सैनिकले दिएको योगदान यी कथाहरूका माध्यमबाट सहजै बुझ्न सकिन्छ । यी कथाहरूमा बेलायती राष्ट्रियता र प्रतिष्ठाको जगेर्नामा गोर्खाली सैनिकहरूले महत्त्वपूर्ण योगदान दिए पनि तिनले र तिनका परिवारले बेलायती सरकारबाट पर्याप्त सहानुभूति वा सम्मान प्राप्त गर्न नसकेको अवस्था देखाइएको छ ।

**गोर्खा सैनिकका आफन्तहरूको कहालीलाग्दो जीवनको सजीव वर्णन**

बाहिरबाट सुखी, सम्पन्न र उज्यालो देखिने गोर्खा सैनिकका आफन्तहरूको जीवनको अँध्यारो पाटोलाई कथाकार काङमाङ नरेश राईले आफ्ना कथामार्फत् सुन्दर ढङ्गले देखाएका छन् । गोर्खा सैनिकका आफन्तहरूले जीवनमा भोग्नुपर्ने पीडा र विवशतालाई उनले कथाका विषय बनाएका छन् । सङ्ग्रहका अधिकांश कथामा यो भाव मुखरित भएको देखिन्छ । जीवनको सञ्चालनमा पैसाको भूमिका नहुने होइन तर पैसाले मात्र पनि जीवन चल्दैन । भावनात्मक साथ र प्रेमिल स्पर्श सुखद् जीवनका लागि महत्त्वपूर्ण पक्ष हो । राईले आफ्ना कथामा गोर्खा सैनिकका आफन्तहरूले यही भावनात्मक साथ र प्रेमिल स्पर्शको अभावमा कसरी निरस र उदास जीवन बिताइरहेका छन् भन्ने यथार्थलाई पस्किएका छन् । यो पनि कुनै काल्पनिक कथा होइन । नेपाली समाजकै एउटा अभिन्न पाटो हो ।

सङ्ग्रहका कथाहरू *तक्मा, एक सेकेन्ड, ढङ्लङ बोजू, डिभोर्स* र *एघार नोभेम्बर*मा गोर्खा सैनिकका परिवारहरूका उज्याला घरहरूभित्र लुकेका अँध्यारा कोठाहरूको चित्र कोरिएको छ । ती भव्य घरका अँध्यारा कोठाहरूमा गोर्खा-परिवारका सदस्यहरूले बिताउने बोझिल, उदास र अश्रुमिश्रित समयको अनुहार यी कथाहरूमा स्पष्ट रूपमा देख्न सकिन्छ । *तक्मा*का आनन्द लडाइँमा जान्छ । नेपालमा उसकी प्रेमिका लडाइँमा गएको आफ्नो प्रेमीलाई सम्झिएर रुन मात्र सक्छे । ऊ आफ्नो प्रेमीलाई लडाइँमा जानबाट रोक्न सक्दिन । लडाइँमा जानुभन्दा पाँच घण्टाअघि आनन्दले आफ्नी प्रेमिका आशालाई फोन गर्छ । त्यस क्रममा आशा रुँदै भन्छे, 'राम्रो जानुहोस् । जस्तो जाँदै हुनुहुन्छ, त्यस्तै फर्कनुहोस् । केही नहुनू । हुन्छ मेरो प्यारो मान्छे ?' (राई, २०७५, पृ. ११) । प्रेमी फर्किएर आउँछ कि आउँदैन, कुनै टुङ्गो छैन । आशाको यो भनाइले उसको मनमा भएको अनिश्चयको त्यही भावलाई सङ्केत गर्छ । आनन्दकी आमाको अवस्था पनि उस्तै छ ।

*एक सेकेन्ड* कथामा पनि उस्तै परिस्थितिको सिर्जना भएको छ । देशमा चर्किएको माओवादी द्वन्द्वबाट मुक्ति खोज्दै बेलायती सैनिकमा भर्ती भएको कथाको 'म' पात्र (हरि) ले एउटा विस्फोटमा दुवै खुट्टा गुमाउँछ । नेपालबाट श्रीमती र छोरा बेलायत पुग्दा ऊ खुट्टाविहीन थियो । तीन-चार हप्ताअघि सद्दे अवस्थामा गएको लोग्नेलाई यो अवस्थामा देख्दा श्रीमतीको हृदयमा कस्तो आघात पर्‍यो होला ? कल्पना मात्र गर्न सकिन्छ । कथामा यो अवस्थाको वर्णन यसरी गरिएको छ, 'धेरै समय श्रीमतीसँग आँखा-आँखाले मात्र संवाद गर्‍यौं ।........मेरो अवस्था देखेर उनी कस्तो भइन् होला ? बोल्ने र व्याख्या गर्ने शब्द नै छैन यो बेला पनि' (राई, २०७५, पृ. ७१) । गोर्खा सैनिककी श्रीमती र आफन्तले भोग्नुपर्ने यो पीडा अवर्णनीय छ ।

यही नियतिको वर्णन *ढङ्लङ बोजू*मा पनि छ। कथाकी पात्र ढङ्लङ बोजू अर्थात् ढङ्लङ गुरुङ आफैँ पीडित पात्र हुन्। छोरा तीन वर्षको हुँदा लोग्नेको मृत्यु भयो। पेन्सन पनि नपाएपछि दुःखजिलो गरेर छोरालाई हुर्काइन्। छोरा बेलायती सेनामा भर्ती भएपछि छोरालाई पछ्याउँदै उनी पनि बेलायत पुगिन्। त्यहाँ पनि एक्लो र उराठलाग्दा दिनहरू बिताइन्। 'छोराबुहारी, नाति-नातिनीबाहेक चिनेका कोही थिएनन्। छोराबुहारी भोला बोकेर कामतिर जाने। नाति-नातिनी  स्कूल। दिनभरि सोफामा बस्दा जीउ कुँजिएजस्तो लाग्थ्यो' (राई, २०७५, पृ.८८)। ढङ्लङले जीवनको अन्तिम सास बेलायतमै फेरिन्। यो कथामा अन्य वृद्धवृद्धा पनि छन्। उनीहरूले पनि बेलायतमा यस्तै एकाङ्की र निरस जीवन बिताइरहेका छन्। बयसकुमारी राई र धनमान राई यस्तै पात्र हुन्। उनीहरूले पनि त्यहाँ एकाङ्की जीवन बिताउनु परेको छ। बयसकुमारी भन्छिन्, 'उता गाउँमा चैँ युके गाको छ भन्छ। यता चैँ दिन कटाउनु गारो भो नई' (राई, २०७५,  पृ.९०)। उनीहरू रहरले बेलायत नगएको प्रस्ट हुन्छ।

*डिभोर्स* र *एघार नोभेम्बर* पनि गोर्खा-परिवारका सदस्यहरूको लाचार जीवनको सत्यलाई उदाङ्गो पार्ने कथाहरू हुन्। *डिभोर्स* कथाका मुख्य पात्र डम्बरको खुट्टामा चोट लागेको छ। उनी हप्ता दिनकी सुत्केरी पत्नीलाई छोडेर बेलायत पुगेको तीन दिन भएको छ। डम्बरकी सुत्केरी पत्नी अन्तराको घाउमा सङ्क्रमण भएको छ। यस्तो बेलामा हरेक महिलाले आफ्ना श्रीमान् आफूसँगै भएको चाहन्छिन् तर अन्तराको यो चाहना पूरा हुन सकेन। अन्तराको घाउमा सङ्क्रमण भएको छ तर लाजले गर्दा उसले यो कुरा सासूलाई भन्न सकेकी छैन। *एघार नोभेम्बर*मा पनि यस्ता पीडित पात्रहरू प्रशस्त   छन्। सार्जन्ट राईकी विधवा यस्तै पीडित पात्र हुन्। उनले २८ वर्षको हुँदा श्रीमान् गुमाइन्। अब उनले लामो जीवन श्रीमान्को प्रेम र मायालु साथको अभावमा बिताउनुपर्ने भएको छ। सार्जन्ट राईका वृद्ध मातापिता पनि पीडित छन्। तन्नेरी छोराको असामयिक मृत्युलाई सहनु सजिलो कहाँ होला र ? यसै कथाको अर्को पात्र हितबहादुरले आफ्ना बाबुलाई देख्न पाएन। ऊ गर्भमै छँदा बर्माको युद्धमा गएका बाबु फर्किएर आएनन्। उसकी आमाले ७० वर्ष आफ्ना श्रीमान्लाई पर्खिएर बिताइन्।

यी हाम्रै समाजका कथा हुन्। हाम्रै समाजको छातीमा लागेका पीडादायी घाउहरूलाई राईले कथामार्फत् प्रस्तुत गरेका छन्। यी कथाहरू पढ्दा लाहुरे-परिवारका पीडाको चित्र सजीव भएर देखिन्छ।

**गोर्खा सैनिकको एक्लो जीवनको चित्रण**

गोर्खा सैनिकले परिवारबाट एक्लिएर कसरी असहज जीवन बिताउनुपर्छ भन्ने यथार्थ सङ्ग्रहका कथाहरूमा पढ्न पाइन्छ। गोर्खा सैनिकहरूले आफ्नो परिवारका अन्य सदस्यहरूबाट मात्र होइन, श्रीमतीबाट पनि टाढिएर कष्टकर जीवन बिताउनु परेको यथार्थ कतिपय कथामा पाइन्छ। यस्तो प्रसङ्ग यस सङ्ग्रहको *डिभोर्स* कथामा निकै बिझाउने गरी प्रस्तुत गरिएको छ।

कथाका मुख्य पात्र डम्बरको देब्रे खुट्टाको शल्यक्रिया गर्नुपर्ने हुन्छ तर अस्पतालमा स्याहारसुसार गर्ने उनको कोही आफन्त त्यहाँ हुँदैन। उनले अस्पतालका चिकित्सक र नर्सकै भरमा त्यति ठूलो शल्यक्रिया गराउनुपर्छ। सात दिनको सुत्केरी अवस्थाकी श्रीमतीको सम्झनामा हराउँदा हराउँदै उनी अस्पतालमै निदाउँछन्। यो क्षण निकै पीडादायी देखिन्छ। शल्यक्रियापछि उनलाई नर्मल कोठामा ल्याइन्छ। छेउको बेडमा स्थानीय एकजना इभान (ब्रुनाईको आदिवासी) पनि घुँडाको शल्यक्रिया गराएर बसेको छ। उसका आफन्तहरू स्याउ, अङ्गुर र सुन्तला बोकेर उसलाई भेट्न आइरहेका छन् तर डम्बरलाई भेट्न आउने कोही छैन। इभानलाई रुडेर बस्ने एकजना आफन्त पनि छ तर डम्बरलाई रुङ्ने कोही छैन। यसले गोर्खा सैनिकको पीडालाई उजागर गरेको छ। बिरामी अवस्थामा परिवारबाट टाढा भएर अर्काको देशमा एक्लै बस्नु कति पीडादायी र कष्टकर हुन्छ भन्ने यो कथाले प्रस्ट पारेको छ। गोर्खा सैनिकले भोगेको यो यथार्थ कथाकार राईले नजिकबाट बुझेका हुँदा यो पीडा

कथामा जीवन्त रूपमा अभिव्यक्त भएको छ । कथाकार राई गोर्खा समुदायकै सदस्य भएका हुँदा गोर्खा-सिपाहीका यस्ता कारुणिक क्षणलाई उनले नजिकबाट देखेका छन् वा कतिपय क्षण त उनी आफैँले भोगेका पनि छन् ।

**गोर्खा सैनिकमाथि गरिएको विभेदको विरोध**

बेलायती सेनामा संलग्न भएर बेलायती साम्राज्य विस्तार र बेलायती राष्ट्रियताको संरक्षणमा समान भूमिका निर्वाह गरेका गोर्खा सैनिकहरूमाथि बेलायत सरकारले गरेको विभेद सभ्य भनिएको आधुनिक समाजको अनुहारमा दलिएको एउटा कालो धब्बा हो । मानवअधिकार र लोकतन्त्रको आकर्षक कुरा गर्ने बेलायतले गोर्खा सैनिकहरूमाथि गरेको चरम विभेद अलोकतान्त्रिक मात्र होइन, मानवअधिकार विरोधी कार्य पनि हो । कथाकार काङमाङ नरेश राईले आफ्ना कथाहरूमा बेलायतको यही सक्कली अनुहारलाई उदाङ्गो पारेका छन् । एउटै सेनाअन्तर्गत एउटै झन्डामुनि रही एउटै अनुशासन र नीतिको पालना गरेर एउटै रङको रगत बगाउने गोर्खा सैनिक र बेलायती नागरिकहरूबीच पारिश्रमिक, निवृत्तिभरण र अन्य सुविधामा गरिएको विभेद मानवताविरोधी अपराध हो । बेलायतले गरेको यही जघन्य अपराधलाई पनि उनले कथामा प्रस्तुत गरेका छन् ।

यो भाव सबैभन्दा टड्कारो रूपमा *डिभोर्स* कथामा प्रस्तुत भएको छ । परिवारबाट सात दिन छुट्टिँदा पनि बेलायती सैनिकले 'सेप्रेसन एलाउन्स' पाउने तर गोर्खा-सिपाहीहरू वर्षौंवर्ष परिवारसँग छुट्टिएर बस्दा पनि उनीहरूले केही नपाउने बेलायतको विभेदकारी नीतिलाई कथामा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ (राई, २०७५, पृ.१०५) । पराई भूमिमा खुट्टाको शल्यक्रिया गराउनुपर्ने अवस्थामा गोर्खा सैनिक डम्बरलाई आफ्नी सुत्केरी श्रीमतीको यादले खुब सताउँछ तर त्यहाँ श्रीमती हुँदिनन् । 'विवाह भएपछि पनि आफ्नो जहानसँग एकै साथ बस्न नपाउने । यस्तो नियम संसारमा कतै होला ? .....पारिवारिक जीवन कसैको हुकुम र कसैले बनाएको नियममा बसाउनु र चलाउनुपर्ने । यो नियम बेलायती सेनामा गोर्खा-सिपाहीलाई मात्र किन' (राई, २०७५, पृ. १०५) । यसरी यो कथामा बेलायती सेनामा गोर्खा-सिपाहीमाथि गरिएको चरम विभेदमाथि प्रश्न गरिएको छ ।

बेलायती विभेद *तक्मा* कथामा पनि अभिव्यक्त भएको छ । कथाका पात्र आनन्द र किरणले बहादुरीपूर्वक आफ्ना साथीहरूलाई बँचाउँछन् । यसबापत उनीहरूलाई तक्मा दिलाउने वचन गोरा अफिसरले दिएको हुन्छ तर उनीहरूले कहिल्यै पनि तक्मा पाउँदैनन् । हुन त उनीहरूले तक्माको अपेक्षा गरेका हुँदैनन् तर गोरा अफिसर आफैँले यस्तो वचन दिएका हुन्छन् । 'तर त्यो तक्मा कहाँ हरायो ? पन्ध्र वर्ष भयो, अझै पनि पाउन सकिएको छैन' (राई, २०७५, पृ. ३३) । यो पनि विभेदको एउटा चरम रूप हो । बेलायती सेनामा रहेर बेलायती साम्राज्यको विस्तार र उसको राष्ट्रियताको जगेर्नामा महत्त्वपूर्ण योगदान दिएका गोर्खा सैनिकमाथि बेलायती सरकारले गरेको विभेदलाई यी कथाहरूले प्रस्तुत गरेका छन् । यसबाट गोर्खा-सिपाहीको सामाजिक र व्यक्तिगत जीवनमा परेको प्रभावलाई यी कथाहरूले अभिव्यक्त गरेका छन् ।

**ऐतिहासिक यथार्थको अभिव्यक्ति**

यस सङ्ग्रहका कतिपय कथामा ऐतिहासिक यथार्थ पनि अभिव्यक्त भएका छन् तर यो ऐतिहासिक यथार्थ पनि गोर्खा सैनिककै जीवनसँग गाँसिएको छ । पहिलो विश्वयुद्धदेखि अफगान युद्धसम्म थुप्रै युद्धहरूमा गोर्खाहरूले रगत बगाएका छन् । ती युद्धहरूमा उनीहरू आफ्नो देशका तर्फबाट नभई अरूकै तर्फबाट लडे । शत्रुताको कुनै सम्बन्ध नभएका अपरिचित व्यक्तिहरूलाई शत्रुका रूपमा उनीहरूले प्रहार गरे । ती युद्धहरूमा देखाएको वीरता र पराक्रमकै कारण आज गोर्खा सैनिकको नाम संसारभरि नै इज्जतका साथ लिइन्छ । तिनै थुप्रै युद्धमध्ये पहिलो विश्वयुद्धका केही तथ्य *एघार नोभेम्बर* कथामा आएका छन् ।

प्रस्तुत कथामा पहिलो विश्वयुद्ध कसरी प्रारम्भ भयो र पप्पी डे किन मनाउन थालियो भन्ने वर्णन गरिएको छ । त्यस बेला युरोपका शक्तिशाली देशहरू दुई समूहमा विभाजित भएको चर्चा गर्दै कथामा बेलायतले सन् १९१४ को अगस्ट ४ मा युद्धको घोषणा गरेको प्रसङ्ग उल्लेख छ । त्यस बेला भारत बेलायती साम्राज्यअन्तर्गत नै थियो । त्यसैले बेलायती सेनाका नाममा गोर्खालीहरू भारतमा कार्यरत् थिए । 'सन् १९१४ अक्टोबर महिनामा लाहोरबाट करिब आठ सय गोर्खा सैनिकहरू बेल्जियम पुगेको थियो' (राई, २०७५, पृ.१४२) । त्यस विध्वंशक युद्धमा २० हजारभन्दा बढी गोर्खालीहरूले ज्यान गुमाएको इतिहासविद्हरूको अनुमान भए पनि वास्तविक तथ्याङ्क कतै छैन । त्यस युद्धमा वीरगति पाएका गोर्खालीहरूका नाम बेल्जियमको मेनिनगेटमा लेखिएका भए पनि त्यहाँ तिनका नाम भारतीय सेनाका रूपमा उल्लेख गरिएको प्रसङ्ग कथामा आएको छ । यसरी गोर्खालीहरू त्यस युद्धमा परिचयविहीन भएर ज्यान गुमाउन बाध्य भएको ऐतिहासिक यथार्थ कथामा प्रस्तुत भएको छ ।

त्यो त्रासद् युद्धमा वीरगति पाएका सिपाही र निर्दोष नागरिकहरूको रातो रगतबाट रातो रङका पप्पी फूलहरू फ्रेन्डर्सफिल्ड्सलाई ढाकेर उम्रिएको मिथक अहिले पनि प्रचलित छ । सन् १९१८ को नोभेम्बर ११ मा पहिलो विश्वयुद्ध अन्त्य भयो । त्यसै कारण युद्धमा जीवन गुमाउनेहरूको सम्झनामा हरेक वर्ष नोभेम्बर ११ मा ११ बजेर ११ मिनेट ११ सेकेन्ड जाँदा पप्पी फूल चढाएर दुई मिनेट मौनधारणा गरी पप्पी डे मनाउने गरिएको प्रसङ्ग कथामा वर्णित छ (राई, २०७५, पृ. १४३) । पप्पी डे संसारभरि मनाइन्छ, धरानमा पनि मनाउने गरिन्छ । कोसोभोमा ज्यान गुमाउने सार्जन्ट राईको सालिक दुर्गाचोकमा स्थापना गरिएको छ । त्यसै स्थानमा पप्पी डे मनाउने गरिएको छ ।

कथाकार राई आफैं अवकास प्राप्त गोर्खा सैनिक भएका कारण युद्ध र गोर्खा सैनिकसँग जोडिएका यथार्थको प्रस्तुतिमा उनको अभिरुचि देखिएको प्रस्ट हुन्छ । उनले आफ्ना अन्य कथाहरूमा पनि यस्ता यथार्थ घटनाहरूको आख्यानीकरण गरेका छन् । कथाकार आफू योद्धा भएकै कारण यस्ता घटनाहरूको वर्णन सजीव बन्न सकेको हो । कथाकार राईले यी ऐतिहासिक घटनाहरूको वर्णन तिनले गोर्खा-सिपाहीहरूको सामाजिक जीवनमा पारेको प्रभावलाई देखाउनका लागि गरेका छन् । त्यसैले यी ऐतिहासिक तथ्यहरूको सम्बन्ध गोर्खा-सिपाही र तिनका परिवारको सामाजिक जीवनसँग जोडिएका छन् । पहिलो विश्वयुद्धयता भएका अनेक युद्धहरूमा गोर्खा-सिपाहीहरूले भाग लिएका छन् । कयौँले ज्यान गुमाए, कयौं अङ्गभङ्ग भए । यसको आधिकारिक तथ्याङ्क कसैसित छैन । युद्धमा ज्यान गुमाउने र अङ्गभङ्ग हुने असङ्ख्य गोर्खा सैनिकका परिवारहरूको अवस्थालाई बुझ्न यी कथाहरूले सहयोग गर्छन् ।

**माओवादी द्वन्द्वले पारेको प्रभावको चित्रण**

कथाकार राई नेपाली समाजकै सदस्य हुन् । त्यसैले विभिन्न विषय र घटनाले नेपाली समाजका विभिन्न पक्षमा पारेका प्रभावलाई उनले नजिकबाट देखेका र छामेका छन् । नेपाली समाजलाई गम्भीर रूपमा प्रभावित पार्ने एउटा यस्तै उल्लेखनीय घटना माओवादीको सशस्त्र सङ्घर्ष पनि हो । माओवादी सङ्घर्षको समयमा नेपाली समाजको अवस्था कस्तो थियो ? बालबालिका र तिनका अभिभावकहरूले कस्तो सामाजिक-मानसिक परिस्थितिबाट गुज्रिनु पर्‍यो भन्ने यथार्थ पनि उनका कथामा अभिव्यक्त भएका छन् । माओवादी द्वन्द्वले नेपाली समाजमा पारेको प्रभाव उनका कथामा टड्कारै देखिन्छ । माओवादी द्वन्द्वका बेला धेरै बालबालिकाले शिक्षाको उज्यालो घामबाट वञ्चित हुनु पर्‍यो । ज्यानको सुरक्षा त्यति बेला सबैभन्दा ठूलो विषय बनेको थियो । ज्यान जोगाउने क्रममा सर्वसाधारणले भोग्नुपर्ने सास्ती कम्ती कहालीलाग्दो थिएन ।

माओवादी द्वन्द्वको प्रभावलाई अङ्कन गर्ने दुईवटा कथा यसमा सङ्कलित छन् : *कान्ते अर्थात् क्रान्तिसिं* र *एक सेकेन्ड*। *कान्ते अर्थात् क्रान्तिसिं* विपन्न समुदायका बालबालिकाहरूको सङ्घर्षपूर्ण र कष्टकर जीवनको यथार्थलाई व्यक्त गर्ने प्रभावशाली कथा हो । कान्ते यस कथाको बालपात्र हो । उसैले भनेको छ, 'राजा फाल्ने आन्दोलन हुँदा जन्मेको भन्थ्यो आमाले । त्यै भर क्रान्तिसिं नाम राख्देको अरे काकाले' (राई, २०७५, पृ.४८) । उसको बाबु माओवादीमा संलग्न भएको, खुट्टामा गोली लागेर खोच्याउन थालेको तर माओवादीले वास्ता नगरेपछि उसले अहिले असहज जीवन बिताइरहेको क्रान्तिसिंले नै बताएको छ (राई, २०७५, पृ.४८) । उज्यालो र समानतायुक्त जीवनको आशा बोकेर विपन्न समुदायका नागरिकहरू माओवादी आन्दोलनमा सहभागी भएका थिए तर तिनका आशा अधुरै रहे । नेताहरू त सत्तामा पुगे तर गरिबहरूको भागमा उही गरिबी र दुःख नै रहिरह्यो ।

यसबाट माओवादी द्वन्द्वले नेपाली समाजमा पारेको प्रभाव स्पष्ट हुन्छ । यो द्वन्द्वमा सरकार र विद्रोही पक्षबाट गरी झन्डै १७००० नागरिकहरूले ज्यान गुमाएको बताउने गरिएको छ । बेपत्ता नागरिकहरू पनि हजारौँ छन्, जसको अवस्थाबारे अहिले पनि यथार्थ जानकारी छैन । अङ्गभङ्ग भएर कयौँले दुःखद् र गुमनाम जीवन बिताइरहेका छन् । *कान्ते अर्थात् क्रान्तिसिं* कथाले नेपाली समाजको यही अँध्यारो पक्षलाई उजागर गरेको छ । नेपाली नागरिकहरूको सुन्दर भविष्य र समुन्नत समाजको सपना देखेर माओवादी आन्दोलनमा सहभागी भएका थुप्रै योद्धाहरू अहिले सहाराविहीन भएका छन् । तिनका नेताहरू सत्तामा पुगे पनि पार्टीले ती योद्धाहरूलाई बिर्सिएको छ । कथाले यही यथार्थलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको छ ।

*एक सेकेन्ड* पनि माओवादी द्वन्द्वको प्रभावलाई बोकेको अत्यन्तै मार्मिक कथा हो । यो कथा यस सङ्ग्रहकै सबैभन्दा शक्तिशाली कथा हो । सशस्त्र द्वन्द्वले व्यक्ति, समाज र राष्ट्रको जीवनलाई कसरी थिल्थिलो बनाउँछ भन्ने यथार्थलाई यो कथाले बडो गज्जबसँग भनेको छ । 'म' पात्रमार्फत् वाचित यस कथाले एक दशक (२०५२-२०६२) सम्म चलेको माओवादी सशस्त्र द्वन्द्वकालमा नेपाली ग्रामीण नागरिकहरूले भोग्नु परेको कहालीलाग्दो यथार्थलाई अत्यन्त सजीव ढङ्गले प्रस्तुत गरेको छ । त्यस समयको हृदयविदारक परिस्थिति 'म' पात्रको यो अभिव्यक्तिबाट थाहा पाउन सकिन्छ, 'मेरा माओवादी साथीहरू कोही जनयुद्धमा मरे । कोही घाइते भए' (राई, २०७५, पृ. ५८) । कतिपयले बाल्यकालमै जीवन गुमाउनु परेको र कतिपय आफ्नो शरीरमा युद्धको घाउ बोकेर घाइते जीवन बिताउन बाध्य भएको यथार्थ यसबाट प्रस्ट हुन्छ ।

विद्रोही र सरकारी सेनाको चेपुवामा सर्वसाधारण नेपाली जीवन जोखिममा परेको थियो । यही जोखिमबाट मुक्ति पाउन बेलायती सेनामा भर्ती भएको 'म' पात्र बेलायती सेनामा सहभागी भएर अफगानिस्तान पुग्छ । अफगानिस्तानको मरुभूमिमा हिँडिरहँदा अचानक भएको विस्फोटनमा उसले आफ्ना दुवै खुट्टा गुमाउँछ र अनेक दुःख व्यहोर्न जीवन भने प्राप्त गर्छ । स्वदेशमा चलेको युद्धबाट जोगिन यहाँबाट भागेको ऊ कहिल्यै कल्पना पनि नगरेको भूमिमा घाइते हुन्छ । उसले भोगेको क्षण निकै पीडादायी छ । 'म' पात्र त प्रतिनिधि मात्र हो । त्यस बेला हरेक सर्वसाधारण नेपाली यस्तै पीडा भोग्न बाध्य थिए । कतिपयले अनाहकमा ज्यान गुमाए । कुनै पक्षमा सहभागी नभएका थुप्रै निर्दोषहरू युद्धको चेपुवामा परे ।

*एक सेकेन्ड* कथामा माओवादी द्वन्द्वको सग्लो चित्र प्रस्तुत भएको छ । तत्कालीन नेपाली ग्रामीण समाजको पीडा र भयमिश्रित अनुहार यो कथाले देखाएको छ । 'माओवादीमा लागेका साथीहरू स्कूल पढ्न सकेनन् । स्कूल छाडेर फरार भए । लिबाङका मेरा क्लासमेट साथीहरूले युद्धमा शहादत प्राप्त गरे' (राई, २०७५, पृ. ५९) । सशस्त्र द्वन्द्वका कारण बालबालिकाले आफ्नो बालापन गुमाए भने शिक्षाबाट पनि वञ्चित भए । कथाले नेपाली समाजको यो भयावह अवस्थालाई कलात्मक रूपमा उजागर गरेको छ । द्वन्द्वका कारण कतिपय

अभिभावकले सन्तान गुमाए भने कयौँ बालबालिकाले अभिभावकको छहारी गुमाए । यसले पारेको प्रभाव नेपाली समाजमा दीर्घकालसम्म रहिरहने सङ्केत उनका कथाहरूले गरेका छन् । *एक सेकेन्ड* कथाको पात्र जीवनभरि अपाङ्ग जीवन बिताउन अभिशप्त भएको छ । यो पनि त्यही द्वन्द्वको परिणाम हो ।

**विपन्न बालबालिकाहरूको दयनीय अवस्थाको चित्रण**

कथाकार काङमाङ नरेश राईले देशको विपन्न समुदायका बालबालिकाहरूको दयनीय अवस्थाको चित्रणमा पनि रुचि देखाएका छन् । विपन्न समुदायका बालबालिकाहरूको दयनीय अवस्थाको चित्रण गरिएको यस सङ्ग्रहको कथा *कान्ते अर्थात् क्रान्तिसिं* हो । विपन्न समुदायका  बालबालिकाहरूले माया र स्नेहविहीन अभावग्रस्त जीवन कसरी बिताइरहेका छन् भन्ने नेपाली समाजको यथार्थ यस कथाले भन्छ । पढ्ने चाहना भएर पनि उनीहरूले विद्यालय जाने अवसर  पाउँदैनन् । आजका बालबालिका देशका भविष्य हुन् तर यो भविष्य कसरी परिस्थितिको सिकार बनिरहेको छ भन्ने कथाले बताएको छ । विपन्न समुदायका बालबालिकाले पढ्न पाएका छैनन्, बरु उनीहरूले पेट पाल्नका लागि सानै उमेरमा काम गर्नु परेको छ । मालिक र ठूलाहरूको गाली र हेपाइ सहेर उनीहरूले जीवन बिताउनु परेको छ ।

कथाको बालपात्र कान्ते (क्रान्तिसिं तामाङ) समाजबाट उपेक्षित पात्र हो । सिन्धुपाल्चोकको ऊ गरिबीकै कारण साथीसँग भागेर काठमाडौँ पुग्छ । बिरानो ठाउँमा निकै ठक्कर खान्छ । कयौँ दिन भोकभोकै भौँतारिन्छ । मन्दिर र पेटीमा सुतेर रात बिताउँछ । बल्ल-बल्ल माइक्रो बसको खलासी भएको छ । त्यहाँ पनि ऊ पीडित छ । ड्राइभरले अश्लील गाली गर्छ, उचित पारिश्रमिक पनि पाएको छैन । बिहान ४ बजे नै उठ्नुपर्छ र अबेरसम्म काम गर्नुपर्छ । यसबापत् दिनको सय रूपैयाँ तलब र २० रूपैयाँ भत्ता पाउँछ । बेलुकाको खाना त्यही भत्ताबाट खानुपर्छ । तलब पनि साहुले दिनैपिच्छे दिँदैन, उसैले राख्छ । राति माइक्रोमा सुतेबापत महिनाको पाँच सय रूपैयाँ काट्छ । उसको दैनिकी निकै कारुणिक छ तर ऊ यसैमा सन्तुष्ट छ । उसले कुनै ठूलो सपना देखेको छैन । ऊ ड्राइभर बनेर गाडी कुदाउँदै गाउँ जान चाहन्छ । उसलाई कहिलेकाहीँ पढ्न पनि मन लाग्छ । उसले भनेको छ, 'गाडीमा टाइ लगाएर हिँड्ने स्कूलेहरू देख्दा चैँ स्कूल जान मन लाग्छ' (राई, २०७५, पृ.४८) । तर परिस्थितिले उसलाई यो अवसर दिएको छैन । यो पीडा उसको मात्र होइन । कोही कान्छी आमाको दुर्व्यवहार सहन नसकेर होटल-रेस्टुरेन्टमा काम गर्न बाध्य भएको छ (राई, २०७५, पृ. ३६) । कोही फोहोरको डङ्गुर कोट्याएर कबाडी सामान खोज्न बाध्य छ (राई, २०७५, पृ.४०) । उनीहरूले सफा लुगा लगाउन पाएका छैनन् । खुट्टामा चप्पल-जुत्ता छैन । बालबालिकाहरूको यो निकै कारुणिक अवस्था हो ।

देशका असङ्ख्य बालबालिकाहरू यही नियति भोग्न बाध्य छन् । देशमा लोकतान्त्रिक गणतन्त्र भनिएको व्यवस्था छ । जनउत्तरदायी भनिने सरकार छ । बालबालिकाको स्थितिमा सुधार ल्याउने घोषित उद्देश्य बोकेका हजारौँ राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू छन् तर विपन्न समुदायका बालबालिकाहरूको जीवनमा कुनै सकारात्मक परिवर्तन आएको छैन । नेपाली समाजको यो पाटोलाई कथाले उजागर गरेको छ । विपन्न समुदायका बालबालिकाको जीवनमा परिवर्तन ल्याउनुपर्ने कुरा राजनीतिक दल, तिनका नेता तथा सरकारी/गैरसरकारी सङ्घ-संस्थाले गरे पनि व्यवहारमा भने कुनै परिवर्तन नआएको सामाजिक अवस्थालाई कथामार्फत् देखाइएको छ । कतिपय बालबालिकाले अभिभावकविहीन भएर सडक र पेटीमा कष्टकर जीवन बिताउनुपर्ने दुःखद् परिस्थिति कथामा आएको छ ।

**नेपालमा व्याप्त शासकीय अव्यवस्थाको उद्घाटन**

नेपालमा शासकीय अव्यवस्था छ, यसलाई सिद्ध गर्न कुनै तर्क वा उदाहरण आवश्यक छैन । देशमा व्याप्त शासकीय अव्यवस्था देख्न कुनै कठिन प्रयास पनि गरिरहनु पर्दैन । यहाँ जोकोहीले जताततै शासकीय अव्यवस्था देख्न सक्छ । कथाकार काङमाङ नरेश राईले पनि यो अव्यवस्था देख्न नसक्ने कुरै भएन । अझ उनी त स्रस्टा हुन् । अरूले देख्न नसकेका रहस्य पनि स्रस्टाले देख्छ । कथाकार राईले आफूले देखेका वा भोगेका शासकीय अव्यवस्थालाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । नेपालमा व्याप्त शासकीय अव्यवस्थाको चित्रण गरिएको मुख्य कथा *कान्ते अर्थात् क्रान्तिसिं* हो । हुन त सङ्ग्रहका अन्य केही कथामा पनि यस्ता प्रसङ्गहरूले ठाउँ नपाएका होइनन् तर *कान्ते अर्थात् क्रान्तिसिं*मा यो विषय प्रभावकारी रूपमा प्रस्तुत भएको छ । नेपालको सहरी क्षेत्रमा व्याप्त शासकीय अव्यवस्थालाई यो कथामा सशक्त ढङ्गले चित्रण गरिएको छ ।

*कान्ते अर्थात् क्रान्तिसिं* मा कर्मचारीतन्त्रमा व्याप्त ढिलासुस्ती, कमिसनतन्त्र, भ्रष्टाचार, घूस खाने प्रवृत्ति, राजनीतिक बेथिति, राजनीतिको आडमा हुने गुन्डागर्दी जस्ता प्रसङ्गहरू आएका छन् । यी सबै शासकीय अव्यवस्थाका उदाहरणहरू हुन् । कथामा राजधानी काठमाडौँका सडकमा जथाभावी फोहोरको डङ्गुर थुप्रिएको प्रसङ्ग छ (राई, २०७५, पृ.४०) । सडक बनाउने काम चार वर्षमा पनि नसकिएको विषय कथामा आएको छ (राई, २०७५, पृ.४२) । यसैगरी भ्रष्टाचार र नियमनकारी निकायका कमजोरीबारे पनि कथामा चर्चा गरिएको छ, ‘कहाँ सबैलाई समात्छन् र भाइ । सबै ठाउँमा राजनीतिक हस्तक्षेप छ । अख्तियारको प्रमुख पनि त्यही राजनीतिक पार्टीले नियुक्ति गर्ने हो । उसले पनि यो काठमाण्डूमा बाँच्नु परेको छ’ (राई, २०७५, पृ.४२) । यो प्रसङ्ग नेपालको शासकीय अव्यवस्थाको उद्घाटन मात्र होइन, त्यसप्रतिको कठोर व्यङ्ग्य पनि हो ।

स्वदेशमै रोजगारी सिर्जना गर्नुको साटो सरकारले नै युवालाई विदेश पठाइरहेको सन्दर्भ कथामा बिझाउने गरी आएको छ (राई, २०७५, पृ.४३) । राजनीतिक आडमा गुण्डागर्दी हुने गरेको प्रसङ्ग पनि कथामा उल्लेख छ । कथाका पात्र भेनाले भन्छन्, ‘बेरोजगार युवाहरू राजनीतिक पार्टीको पछि लागेका छन् भाइ । नलागे पनि केही काम बन्दैन । पार्टीको पछि करैले लाग्नु परेको छ । कोही ठेक्काको नाममा गुण्डागर्दी गर्छन् । कोही पार्टीको लोगो बोकेर ठेकेदार’ (राई, २०७५, पृ. ४३) । यो बेथिति नेपाली राजनीति र समाजको तीतो यथार्थ हो । यहाँ व्याप्त नातावादको प्रसङ्ग पनि *एघार नोभेम्बर* कथामा आएको छ । कथाका पात्र हितकुमारले आफूले प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरेको भए पनि तेस्रो श्रेणीमा एसएलसी उत्तीर्ण गर्ने पुण्डरी अधिकारीले मालपोतमा सुब्बाको जागीर पाएको उल्लेख गरेका छन् । पुण्डरीका मामा शिक्षामन्त्री भएकाले उसले जागीर पाएको चर्चा जिल्ला र गाउँभरि चलेको प्रसङ्ग कथामा वर्णित छ (राई, २०७५, पृ.१३६) । नेपालमा व्याप्त शासकीय अव्यवस्थाको एउटा भयानक रूप यो पनि हो । यो रूपलाई कथाकारले चित्रण गरेका छन् ।

**जातीय पहिचानप्रति श्रद्धाको अभिव्यक्ति**

कथाकार राईले आफ्ना कतिपय कथामा आफ्नो जातीय पहिचानप्रति असीम श्रद्धाको भाव अभिव्यक्त गरेका छन् । २०५० को दशकमा नेपाली समाजमा राजनीतिक-सामाजिक उथलपुथल आयो । यही परिवर्तित परिस्थितिले जातीय पहिचान, स्वाभिमान र स्वत्वका मुद्दालाई सतहमा ल्याइदियो । कथाकार राईले पनि यी मुद्दालाई आफ्ना कथाका कथ्य बनाएका छन् । जनजाति तथा उपेक्षित-उत्पीडित समुदायमाथि राज्यद्वारा गरिएका विभेद, दमन र थिचोमिचोको विरोध यही पछिल्लो चेतनाको अभिव्यक्ति हो । यो चेतनाको कलात्मक अभिव्यक्ति उनका कथामा सशक्त रूपमा आएको छ । यो चेतनालाई अभिव्यक्त गर्ने उनको सबैभन्दा सशक्त कथा *लुङ्टारिबुङ* हो ।

बान्तवा राई भाषामा 'लुङ्टारिबुङ' को अर्थ 'ढुङ्गामाथि फुलेको फूल' हुन्छ । राज्यको विभेदकारी नीतिले गर्दा आफूहरूको जातीय पहिचान र अस्तित्व सङ्कटमा परेको आदिवासी जनजाति समुदायको बुझाइ छ । जातीय पहिचानभित्र जातीय संस्कृति, भाषा, रहनसहन, जीवनमूल्य आदि समेटिन्छन् । लामो समयसम्म सत्तामा एउटा सामाजिक समुदायको वर्चश्व कायम रहँदा अन्य समुदायका जातीय पहिचान सङ्कटमा परेको नेपाली समाजको यथार्थलाई कथामा प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । गुमेको पहिचान र अस्तित्व संरक्षणका लागि अहिले जनजाति समुदाय जुर्मुराएको छ । यो समुदायले जातीय पहिचान र अस्तित्वको महत्त्व बुझ्न थालेको छ । जनजातीय चेतनामा आएको यो परिवर्तनले *लुङ्टारिबुङ* कथामा अभिव्यक्ति पाएको छ । कथाको शीर्षकले नै यो पहिचानसँग जोडिएको कथा हो भन्ने सङ्केत गर्छ किनभने यसको शीर्षक मातृभाषामा राखिएको छ ।

निम्नवर्गीय परिवारको ऊर्जाहाङले दुःख गरेर पढाइ सिध्याउँछ । प्रथम श्रेणीमा स्नातकोत्तर तह सकेपछि विद्यालय हुँदै उसले क्याम्पसमा पढाउन थाल्छ । क्याम्पसमा जाडोको विदा भएको बेला ऊ मुन्दुमको अनुसन्धान गर्न गाउँतिर जान्छ । गाउँमा बिजुवाले मुन्दुममा वर्णित पृथ्वीको उत्पत्तिको कथासँगै तायामा, खियामा र हेत्छाकुप्पाको कथा सुनाउँछ । त्यही कथा सुनाउने क्रममा हेत्छाकुप्पाले आफूलाई लुङ्टारिबुङ भनेको मुन्दुम बिजुवाले बताउँछ । अनि बिजुवाले भन्छ, 'हामी त मुन्दुममा मात्तै होइन, आफ्नु बाखा (माटो) मै पो लुङ्टारिबुङ भई पो गएछुङ त नातिउ । हेत्छाकुप्पाजस्तोई' (राई, २०७५, पृ.१७२) । ढुङ्गामाथि पानी पनि अडिँदैन । त्यहाँ दुःखद् अवस्थामा मायालाग्दो गरी फूल फुलेको हुन्छ । आफ्नो जाति पनि प्राचीन कालदेखि यस्तै दुःखद् अवस्थामा बाँचिरहेको सन्दर्भ कथामा मुन्दुमसँग जोडेर प्रस्तुत गरिएको छ । राज्यको बेवास्ताका कारण जनजातीय समुदायको सामाजिक अवस्था र पहिचान सङ्कटग्रस्त भएको सन्दर्भ कथामा आएको छ ।

**निष्कर्ष**

यो सङ्ग्रह नेपाली समाजकै एउटा लुकाइएको सामाजिक परिवेशको अन्वेषण हो । यसमा लाहुरे र लाहुरे-परिवारले भोग्ने दुःख, तिनको सङ्घर्ष र जीवनका जटिलतालाई प्रस्तुत गर्ने कथाहरू समावेश छन् । नेपाली समाजमा व्याप्त विकृति-विसङ्गति, शासकीय अव्यवस्था र जातीय पहिचानका मुद्दा पनि यी कथाहरूका विषय बनेका छन् । कथाकार काङमाङ नरेश राई सम्बद्ध जाति, उनी बाँचेको समय र उनको वरिपरिको परिवेश कथामा प्रत्यक्ष-परोक्ष रूपमा आएका छन् ।

आफ्ना पुर्खाहरू 'भाडाका सिपाही' का रूपमा बेलायती साम्राज्य बिस्तारका लागि रगत बगाउन बाध्य भएको इतिहासको घाउ कथाकार राईको मनभित्र कतै न कतै बिझाइरहेको प्रतीत हुन्छ र त्यही दुखाइको मानसिक संघात उनका कथामा पाइन्छ । नेपालीलाहुरे-समाजसँग उनका रचनाको गहिरो सम्बन्ध छ । तिनका आँसु र दुःखहरू उनका रचनाका विषय हुन् । सङ्ग्रहका अधिकांश कथाहरूमा नेपाली समाजकै एउटा अभिन्न अङ्ग लाहुरे समुदायको सामाजिक पर्यावरणलाई प्रस्तुत गरिएको छ । यी कथाहरूका माध्यमबाट लाहुरे-समाजको जीवनलाई बुझ्न सहज हुन्छ । आर्थिक रूपमा सम्पन्न र ईर्ष्यालाग्दो देखिने तिनको जीवनका बाध्यता, एक्लोपन र निरूपाय अवस्था कथामा प्रस्तुत भएका छन् । निम्नवर्गीय नेपाली नागरिकहरूको साझा पीडा, विपन्न समुदायका बालबालिकाहरूको पीडादायी जीवन र जनजाति समुदायको सङ्कटग्रस्त पहिचान पनि उनका रचनामा विषय बनेर आएका छन् । राज्यबाट उपेक्षित-उत्पीडित समुदायका कष्टकर जीवनलाई विषयवस्तु बनाइएका यस सङ्कलनका अधिकांश कथाहरू गोर्खा-जीवनका अप्ठ्यारा, तिनको एक्लोपन, बेलायत सरकारले उनीहरूमाथि गरेको विभेद र तिनका आफन्तहरूले भोग्नुपर्ने पीडाको चित्रणमा केन्द्रित छन् । यी कथाहरूले गोर्खा-सिपाही र तिनका परिवारको जीवनको फरक पाटोलाई उजागर गरेका छन् ।

यी कथाहरूमा लाचार र विवश पात्रहरूको प्रयोग गरिएको छ । परिस्थिति र नियतिले निरीह बनाइएका पात्रहरूले भोग्नुपर्ने पीडा र वेदनामार्फत् यी कथाहरूमा नेपाली समाज तथा नेपाली समाजकै महत्त्वपूर्ण अङ्गहरू लाहुरे समुदाय र जनजाति समुदायको सामाजिक पर्यावरणलाई प्रस्तुत गरिएको छ । हरेक स्रष्टा आफ्नो समाज र समयको प्रभावबाट असम्पृक्त हुँदैन । कथाकारराई पनि आफू हुर्किएको समाज, परिवेश तथा आफूले बाँचेको युग र पर्यावरणबाट प्रभावित छन् । यो प्रभाव उनका कथामा अभिव्यक्त भएको छ । यसै प्रभावस्वरूप गोर्खा सैनिक र तिनीहरूसँग जोडिएका व्यक्तिहरूका दुःख र कष्ट उनका कथामा विषय बनेर जोडिएका छन् ।

## सन्दर्भसामग्री

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन.

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमिक पब्लिकेसन्स.

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१* (छैटौँ सं.). साझा प्रकाशन.

प्रकाश, दिप्साली (२०७६, कात्तिक २३). हाम्रै वरपरका कथाव्यथाहरू एघार नोभेम्बर. *डब्लूडब्लूडब्लू नया अनलाइन डटकम.*

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* (दो.सं.). ओरिएन्टल पब्लिकेसन.

राई, काङमाङ नरेश (२०७५). *एघार नोभेम्बर.* फिनिक्स बुक्स.

राई, प्रगति (२०७६, असार २८). लाहुरे-संसारको सेरोफेरो. *कोसेली कान्तिपुर* दैनिक.

राई, किरण (२०७६, भदौ १५). युद्ध साहित्यको रूप हो ११ नोभेम्बर. *डब्लूडब्लूडब्लू नयापेज डटकम.*

विद्रोही, राजेश (२०७६). नेपाली कवितामा समकालीनता : एक विमर्श, *दृष्टिकोण ९*(१). अनुसन्धान व्यवस्थापन एकाइ. महेन्द्र बहुमुखी क्याम्पस.

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो सं.). विद्यार्थी पुस्तक भण्डार.

शेर्मा, मुनराज, वीर गोर्खालीहरूको नलेखिएको युद्धको गाथाहरू, *डब्लूडब्लूडब्लू हाम्रो संरचना डटकम* (हेरेको मिति २०७७/०४/२७ बिहान ८ बजे).

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम सम्पा. (२०७६). *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड, दो. सं.). रत्न पुस्तक भण्डार.

सुशान्त, गुरुङ (२०७६, कात्तिक १५). घुमीफिरी युद्धमै. *नेपाल म्यागिजन.*